मिति २०८०।०३।११ गते बसेको सचिव बैठकका निर्णयहरु :

१. चालु आर्थिक वर्ष २०७९/०८० मा सबै मन्त्रालय, निकाय र मातहतका कार्यालयहरुबाट हालसम्म सम्पादन भएका काम कारबाहीको भौतिक र वित्तीय खर्चको प्रगति समिक्षा गरियो।

२. सबै मन्त्रालय, निकायहरुले चालु आर्थिक वर्षमा भएका कारोबारहरुको भुक्तानी दिने सम्बन्धमा आर्थिक मामिला मन्त्रालयबाट गरिएको पत्राचार बमोजिम मिति २०८०/०३/२४ गतेभित्र चालु आर्थिक वर्षको भुक्तानी दिने सम्बन्धी कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने।

३. संघ सरकार, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत निकायहरुबाट माग भएका राय प्रतिक्रिया र विवरणहरु सबै मन्त्रालय, निकायहरुले यथासमयमा नै उपलब्ध गराउने।

४. गण्डकी प्रदेश निजामती सेवा नियमावलीमा संशोधन गर्नुपर्ने विषयहरु समावेश गरिएको सुझाव मन्त्रालय/निकायहरुले यथाशक्य छिटो उपलब्ध गराउने।

५. मिति २०८० असार १५ मा आयोजना गरिएको मुख्यमन्त्री/प्रमुख सचिव बैठकमा सहभागी हुन आउनुहुने विशिष्ट पाहुनाहरुलाई स्वागत सत्कार गर्ने जिम्मेवारी तोकिएका सचिवज्यूहरुले आफ्नो जिम्मेवारी अनुसारको कार्यसम्पादन गर्ने।

६. मिति २०८० असार १६ गते पोखरामा सम्पन्न हुने राष्ट्रिय समन्वय परिषद्को बैठकको लागि सबै मन्त्रालय, आयोग र निकायबाट आवश्यक सहयोग गर्ने।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

२०८०।३।११
प्रमुख सचिव